

विश्व प्रसिद्ध योगगुरु स्वामी रामदेवसँग भलाकुसारी गर्नुहुँदै मुनि मणिभद्रजी महाराज



मित्रराष्ट्र भारतका सम्माननिय राष्ट्रपति प्रतिभा पाटिलसँग भेट गर्नुहुँदै मुनि मणिभद्रजी महाराज

प्रमुख मानिन्छ। ती पाँच महाव्रत स्थापनाका कारण इतिहासकारहरुले भगवान महावीरलाई जैन धर्मका प्रवर्तक घोषणा गरे। जैन धर्म-दर्शन नेपाल र नेपालीका लागि नौलो नाम भने होइन। अनेकौं जैन कथाहरुमा नेपालको उल्लेख भएकोले हजारौं वर्षदेखि जैन मुनिहरुको नेपालसँगै सुमधुर सम्बन्ध रहेको स्पष्ट हुन्छ।

मणिभद्रजी महाराजका अनुसार प्रथम तीर्थकंर भगवान ऋषभदेवका जेष्ठ सुपुत्र सम्राट भरतको नाउँबाट भारतवर्ष उल्लेख भएको हो। जनश्रुतिका अनुसार पवित्र कालिगण्डकीको किनारामा उनले पुलहाश्रम स्थापना गरे, जुन आश्रम अहिले नेपालको हरिहर क्षेत्रमा पर्दछ। काठमाडौं चोभारमा प्रथम तीर्थकर भगवान ऋषभदेव (आदिनाथ) को प्राचिन मन्दिर छ। तर हाल उक्त मन्दिरलाई भगवान बुद्धको मूर्ति भनि पूजा गर्ने गरिएको छ। जैन तीर्थकर महान आचार्य र ऋषिमुनिहरुको साधना भूमि नेपाल भएको असंख्य प्रमाणहरु भेटिन्छन्। राष्ट्रिय अभिलेखालयमा समेत कैयौं जैन साहित्य र ग्रन्थहरु उपलब्ध भएकाले नेपालमा जैन धर्म र दर्शनको प्रचार-प्रसार पहिलेदेखि नै हुँदै आएको मानिन्छ।

पशुपति क्षेत्रमा जैन तीर्थकरहरुको प्रतिमा यत्रतत्र देख्न पाइन्छ। निवस्त्र स्वरुपका यी प्रतिमाहरु जैन तीर्थकरहरु कै भएको स्पष्ट हुन्छ। जैन ग्रन्थहरुमा उन्नाइसौं तीर्थकर भगवान मल्लिनाथ र एकाइसौं भगवान नेमिनाथ दुवैको जन्मस्थलो मिथिलापुरी (जनकपुर) मा भएको उल्लेख छ। हाल काठमाडौंको संग्रहालयमा जैन तीर्थकर चन्द्र प्रभुको मूर्ति सुरक्षित रुपमा राखिएको छ।

पछिल्लो समयमा ४-५ दशकदेखि ठूलो संख्यामा जैन मुनिहरुको आगमन नेपालमा हुने गरेका समाचारहरु प्रकाशन हुने गरेका छन्। वि.सं. २०५२ सालमा काठमाडौंको ज्ञानेश्वरमा भव्य जैन मन्दिरको स्थापना गरिएको छ। भगवान महावीरलाई आराध्यदेव मान्ने जैन धर्मावलम्वीहरुको संख्या नेपालको पूर्वाञ्चल र मध्यमाञ्चलमा बढी भेटिन्छ। मोरङ, सुनसरी, पर्सा, काठमाडौंमा राष्ट्रिय तथा स्थानीय स्तरका जैन संघ संस्थाहरु खोलिएका छन्। काठमाडौंमा जैनहरुको साझा संस्था नेपाल जैन परिषद पनि खोलिएको छ। मणिभद्रजी महाराजबाट जैन धर्मका शिक्षाहरुका बारेमा जान्ने अवसर पाएँ। उहाँ भगवान महावीरका शिक्षाका बारेमा भन्नुहुन्छ- दुर्जन (असंयमी) व्यक्तिको सङ्गत गर्‍यो भने संयमी सज्जन



जन्माष्टमी २०६७ कार्यक्रममा सहभागी बन्नुहुँदै मुनि मणिभद्रजी महाराज



विभिन्न धार्मिक समुदायसँग राष्ट्रपति भवनमा मुनि मणिभद्रजी महाराज

व्यक्तिसमेत तुच्छ (महत्वहीन) बन्न पुग्छ । मुर्दाले धारण गरेको बहुमूल्य हिराको माला जस्तै । संसारमा जति पनि अविद्यावान पुरुषहरु छन् ती सबैले दुःख उत्पन्न गर्दछन् । उनीहरु दिग्भ्रमित बनेका कारणले जीवनमा बारम्बार दुःख निम्त्याउँछन् ।

महाराज भन्नुहुन्छ- स्वाध्यायशील व्यक्ति कहिले नष्ट हुँदैन । जसरी धागो उनिएको सियो खसेर पनि हराउँदैन, त्यसैगरी स्वाध्यायशील व्यक्ति नष्ट हुँदैन । जुन कुराबाट चञ्चल चित्त शान्त र आत्मा पवित्र बन्छ त्यसलाई जैन शास्त्रमा ज्ञान भनिन्छ । महाराज भन्नुहुन्छ- जसबाट भेदभाव हट्छ जसबाट राग द्वेष मेटिन्छ त्यसैलाई ज्ञान भनिन्छ । जसले व्रत र नियमहरुलाई धारण गर्दछ, शील र तपको आचरण गर्दछ उनीहरु नै निर्वाण प्राप्त गर्न योग्य बन्छन् । मणिभद्रजी महाराजको स्पष्ट भनाइ छ- अरु प्राणी र जीवहरु, या अरु कसैमाथि शासन नगर, यही नै शान्तिको मूल आधार हो ।

अहिंसाका कट्टर पक्षधर मणिभद्रजी महाराज भन्नुहुन्छ- ज्ञानीजनहरु कसैको हिंसा गर्दैनन् । जस्तै, हामी कसैलाई दुःख प्रिय लाग्दैन । त्यसैगरी अरु प्राणी कसैलाई पनि दुःख प्रिय लाग्दैन । यही नै अहिंसाको सिद्धान्त हो । तसर्थ कसैलाई पनि दुःख या पीडा दिनु हुँदैन । हिंसालाई विषय वा काँडाजस्तै ठानेर परित्याग गर्नु पर्दछ । लोभ, सम्पूर्ण दुःखहरुको मूल कारण हो । लोभले लाभ र लाभले विलाप निम्त्याउँछ । लाभ भयो भनेर गर्व पनि गर्नु हुँदैन र लाभ भएन भनेर शोक गर्नु पनि हुँदैन । निर्भयता भन्नु नै सुख हो । जस्ले कतै पनि भय देख्दैन त्यसैले समत्वको अनुभूति गर्न सक्छ । मणिभद्रजी महाराजका विचारमा समत्व साधनाका लागि राग, द्वेष, प्रसन्नता, दीनता र उत्सुकता, भय, शोक र विषाद आदि भाव त्याग्नु पर्दछ ।

श्रमण परम्परा भनेको समत्व भाव हो । सबै प्रति सम रहनु नै श्रमण परम्परा हो । सत्य नै मानवको सुन्दर विभूषण हो । सत्यतालाई धारण गर्नु महाव्रत हो । राग, द्वेष अथवा मोहको वशमा परेर पनि असत्य वचनको विचारसम्म नगर्ने साधु मात्र हुन्छन् । त्यसकारण सत्यवादी पुरुष आमा जस्तै विश्वसनीय, गुरु जस्तै पुज्य र विद्वानजस्तै प्रिय हुन्छन् । मणिभद्रजी महाराजका विचारमा सत्य भन्दा अर्को कुनै ठूलो तप हुँदैन । सत्यतामा नै सम्पूर्ण गुण, रत्नहरु समाहित

हुन्छन् । माछाहरुको आश्रय स्थल पानी भएजस्तै संसारका सबै गुणहरुको आश्रय स्थल सत्यता हो । मणिभद्रजी महाराजका दृष्टिमा साधकहरु चाहे त्यो जटाधारी होस् चाहे नग्न होस् या वस्त्रधारी होस्, चाहे गृहस्थी होस् वा तपस्वी यदि असत्य वचन बोल्छ भने तिनका साधना विडम्वना हो, प्रपञ्च हो, पाखण्ड मात्र हो । उच्चकोटीका साधकहरु मौन धारण गर्छन् । असत्य वचन र व्यवहारबाट सधैं अलग रहन्छन् ।

मणिभद्रजी महाराजको विचारमा साधकहरु सबै प्राणीहरुको हितमा हितकर र मिठासयुक्त बचन मात्र बोल्छन् । सुनलाई आगोमा पोल्दा पनि त्यसले आफ्नो सुवर्णत्व छाड्दैन । त्यस्तै जस्तोसुकै परिस्थितिमा पनि ज्ञानीले सत्यता छाड्दैनन् । जीवनमा ब्रम्हचर्य व्रतको उपासना र आराधना गरेपछि शील, तप, विनय, संयम, क्षमा, ध्यान, अनाशक्ति आदि गुणहरु जीवनमा सजिन्छन् । आत्मा ब्रम्ह हो । आत्मामा चर्या गर्नु नै ब्रम्हचर्य हो । जो साधक देहभावबाट मुक्त भएर आत्मामा रमाउँछ त्यो नै असली ब्रम्हचारी हो । एक व्यक्तिको इच्छा पूर्तिका लागि पृथ्वी पनि पर्याप्त हुँदैन । जतिसुकै इन्धन पाए पनि न त अग्नि तृप्त हुन्छ । न त हजारौं नदीहरु आफूमा समाहित भए पनि समुन्द्र तृप्त हुन्छ । मणिभद्रजी महाराजको विचारमा इन्द्रिय निग्रहका लागि अपरिग्रह सिद्धान्तको पालना गर्नु पर्दछ । जसरी हात्तीलाई नियन्त्रण गर्न अंकुश आवश्यक पर्छ ।

दुःखको मूल कारण ममत्व भाव हो । तसर्थ साधकले म र मेरो भाव त्याग्नु पर्छ । महाराजजीको स्पष्ट भनाई छ- ममत्वरहित व्यक्तिलाई पाप कर्मले छुन सक्दैन । कामवासना र रागको निवारण गर्न नसक्नेहरु श्रमणत्व धर्मको पालना गर्न सक्दैनन् । साधकहरु कमलजस्तै निर्लिप्त हुन सक्नु पर्दछ ।

संयम नै जीवन हो । जहाँ संयमता र धैर्यता हुँदैन, त्यहाँ जीवन नष्ट भईरहेको हुन्छ । त्यसैले जहाँ संयमता हुन्छ त्यहाँ साँचो जीवन हुन्छ । वास्तवमा संयम मोक्षको भऱ्याङ हो ।

जो विउँझेको हुन्छ उसको सबै इन्द्रियहरु सुतेको हुन्छ । जो सुतेको हुन्छ उसका सबै इन्द्रियहरु ब्युझेका हुन्छन् । सक्रिय इन्द्रियले मानिस आफैलाई बाँध्छ